क्रान्तिकारी युवा संघ नेपाल
Revolutionary Youth Association of Nepal
राष्ट्रिय सम्मेलन आयोजक समिति
National Conference Organizing Committee

प. सं. ५१७                                                                                    मितिः ..................

च. नं. ०८२/०८३

मानिनय युवा तथा खेलकुद मन्त्री ज्यू,
नेपाल सरकार तथा युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

## विषय : ज्ञापन पत्र

माननिय युवा तथा खेलकुद मन्त्री ज्यू,

युवाहरु देशका भविष्य हुन् । हरेक राजनीतिक परिवर्तनहरू मा युवाहरुको महत्त्वपूर्ण भुमिका हुन्छ । भन्ने कुरा पछिल्लो जेन-जेड विद्रोहले पुष्टि गरेको छ । तर पनि हरेक राजनीतिक परिवर्तन पछि उत्पिडित जनताका साथै युवाहरुको अधिकार अझै पनि सुनिश्चित हुन सकिरहेको छैन । देश अहिले पनि अर्ध सामान्ती र अर्ध औपनिवेसिक विशेषता सहितको मुलत नवऔपनिवेसिक अवस्थामा रहेको छ । राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका समस्याहरू यथावत कायम नै रहेका छन् । भ्रष्टाचार, मंहगी, सहकारी ठगि, मिटर ब्याज र बैदेशिक हस्तक्षेप महिला असुरक्षा आदि समस्याहरूबाट युवा तथा जनताहरू आक्रन्त रहेका छन् । युवाहरु रोजगारीका लागि विदेशमा सस्तो मुल्यमा श्रम विक्री गर्न बाध्य भएका छन् भने शिक्षा र स्वास्थ्यमा भएको ब्यापारीकरण र माफिया करणले आम युवाहरु शिक्षा र स्वास्थ्यबाट बन्चित भएका छन् । त्यस्तै जातीय, क्षेत्रीय, लिङ्गीय तथा वर्गीय विभेदले गर्दा उत्पिडित युवाहरु राज्यको दोस्रो दर्जाका नागरिक बन्न पुगेका छन् । युवाहरुको मुख्य समस्या बेरोजगारको समस्या हो ।देशको लगभग एक तहाइ जन संख्या विदेशमा रोजगारीका लागि गएका छन् । बार्षिक ५/६ लाखको दरले बैदेशिक रोजगारीमा गरइरहेका छन् । यस्तो अवस्था आउनुमा सरकारले नव उद्धारवादमा आधारित अर्थ निति योजना तथा कार्यक्रम बनाउनुले हो । राज्यले तोकेको सेवा शुल्क बुझाए पुग्ने मा चार पाँच लाख सम्मको मोटो रकम म्यानपावरले बुझिलिने गरेका छन् । त्यस बाहेक अन्य मुलुकमा जान बिसौ लाख रकम बुझाएर विदेश गईरहेको पाउदछौ । यसरी बेरोजगार युवाहरुले बिदेश जानका लागि प्रत्येक बर्ष अरबौं रकम खर्च गर्नु परेको छ । तर बिदेशमा अलपत्र पर्ने युवाहरुको ज्यान, धन र श्रमको मुल्य सुनिश्चित संम्रक्षण गर्न राज्य उदासिन देखिएको छ । जोखिमपुर्ण रोजगारीको कारण युवाहरुको लास दिनानुदिन बाकसमा आउने क्रम वढ्दै गएको बर्तमान अबस्था रहेको छ । रेमिट्यान्स बैदेशिक रिन सहायता र आयातमुखि करबाट देश संन्चालन गर्नाले औधोगिक पुँजीको निमार्ण हुन सक्दैन र देशको समृद्धि असम्भव प्राय हुन्छ । युवाहरुलाई स्वदेशमा रोजगारी दिनु राज्यको दायित्व हो र स्वदेशमा रोजगार पाउने युवाहरुको अधिकार हो ।

हाल प्रत्येक बर्ष श्रम बजारमा देखा पर्ने ५ लाख भन्दा बढी नयाँ श्रमशक्तिलाई स्वदेशमा रोजगारी दिने कुनै योजना देखिदैन । लोकसेवा आयोगबाट लिने परिक्षामा लगभग प्रत्येक बर्ष ६ लाख युवाहरु सहभागी हुन्छन् । ती युवाहरु मध्य ५ हजार जना भन्दा कमले मात्रै रोजगारी प्राप्त गर्छन् । त्यस्तै (EPS) परिक्षामा हरेक साल एक लाख भन्दा धेरै युवाहरु सहभागी हुन्छन् । ती सहभागी मध्य करिव छ सात हजार मात्रै कोरिया रोजगारी मा जानेगरेका छन् । रोजगारीको खोजीमा युवाहरुले बार्षिक एक खर्ब भन्दा धेरै धनराशि खर्च गरिरहेका छन् । युवाहरुलाई विदेश पलायन हुनबाट जोगाउन जरूरी छ । साथै शिक्षा र रोजगारीको खोजिमा हुने लगनीमा कटौती गर्न जरूरी छ । विदेशमा युवाहरुलाई रोजगारीमा पठाएर आत्मनिर्भर अर्थतन्त्र निर्माण हुन सक्दैन । बैदेशिक रोजगारीको यात्राले अन्तहिन रूपमा विदेशमा हाम्रो श्रम सस्तो मुल्यमा बेच्न बाध्य बनाउदछ । देशको स्वतन्त्र तथा राष्ट्रिय अर्थतन्त्र निर्माणका लागि देशको श्रमशक्तिलाई स्वदेशमा नै उत्पादनशिल कार्यमा लगाउन जरूरी छ । अनि मात्र देशको समृद्धि र बिकाश सम्भव हुन्छ । युवाहरुलाई सामाजिक सांस्कृतिक, आर्थिक नैतिक र राजनीतिक रूपमा सचेत र देश र जनता समाज प्रति उत्तरदायी वनाउन जरूरी छ । अतःहाम्रो संगठनले उठाउदै आएको राष्ट्रियता ,जनतन्त्र र जनजीविकाका समस्याहरूको समाधानका लागि निम्न अनुसारको मागहरू समावेश गरि माननिय युवा तथा खेलकुद मन्त्री ज्यू समक्ष यो ज्ञापनपत्र प्रस्तुत गर्दछौ । क्रान्तिकारी युवा संघ नेपाल यीमागहरूलाई यथाशीघ्र पूरा गर्न माननिय मन्त्री ज्यू मार्फत नेपाल सरकारलाई ध्यान आकर्षण गराउँदछौ । यी माग शिघ्र रूपमा पूरा गरिएन भने हाम्रो युवा संगठन संघर्ष मा जान बाध्य हुनेछ ।

हाम्रा मागहरु:

१. नव उद्धारवादी अर्थतन्त्र बन्दगरि राष्ट्रिय आत्मनिर्भर तथा स्वाधीन अर्थतन्त्रको निर्माण र बिकास तत्काल गरियोस् ।

२. सम्पूर्ण युवाहरुलाई स्वदेशमा नै रोजगारीको व्यवस्था तत्काल गरियोस् ।

३. बेरोजगारहरूको लगत संकलन गरि बेरोजगारलाई पुर्ण रोजगारीको सुनिश्चित गरियोस । बेरोजगारहरूलाई बेरोजगार भत्ताको व्यवस्था गरियोस् । साथै बेरोजगारको फर्म भर्ने समय सिमा नतोकि नियमित भर्न पाउने व्यवस्था गरियोस् ।

४. स्थानीय निकायबाट सुचिकृत बेरोजगारहरूलाई सामुहिकरूपमा कृषि उद्योग वा व्यबसाय गर्नका लागि निःसुल्क फर्म दर्ता तथा त्यसको विमा र लगानीका लागि अनुदान र बजार व्यवस्थापनका लागि आवश्यक कार्यक्रम तत्काल थालनी गरियोस् ।

५. शैक्षिक बेरोजगारीको अन्त्य बेरोजगार युवाहरुलाई शीपमुलक तालिम प्रदान गरि स्वरोजगार बनाउने तथा सामुहिक उत्पादन कार्य गर्ने बाताबरण तत्काल बनाईयोस् ।

६. नेपाल भित्रका रोजगारीका सबैक्षेत्रहरूमा नेपाली कामदारलाई प्राथमिकता दिईयोस् ।

७. राष्ट्रिय युवा परिषद्लाई संसदीय दलका मातहतबाट एनजीओ, आइएनजीओ पोषाउने गरि कार्यक्रम संन्चालन गर्ने बिधिको तत्काल अन्त्य गरि युवाहरूलाई प्रत्यक्ष लाभ प्राप्त हुने गरि कार्यक्रम संन्चालन गर्ने व्यवस्था तत्काल गरियोस् ।

८. युवा तथा साना व्यबसायी स्वरोजगार कोषको बिना धितो सहुलियतपुर्ण ब्याजदरमा ऋण प्रदान गर्ने कार्यक्रमलाई सहज र प्रभावकारी ढंगले तत्काल लागू गरियोस् ।

९. बैदेशिक रोजगारीबाट स्वदेश फर्केका युवाहरूलाई स्वदेशमा नै रोजगारीको सृजना गरि बिदेशबाट ल्याएको सीप र प्रबिधिलाई प्रवर्द्धन गर्ने र रोजगारी सृजना गर्ने बाताबरण बनाईनु पर्छ । बैदेशिक रोजगार बोर्डद्वारा संन्चालित सहुलियतपुर्ण कर्जा योजनालाई नियमित, सहज र सर्वसुलभ हुने गरि कार्यन्वयनमा तत्काल ल्याईयोस् ।

१०. गोर्खा भर्तिकेन्द्र खारेज गरि नेपालमा नै रोजगारीको उपयुक्त ब्यबस्था मिलाइयोस् ।

११. बैदेशिक रोजगारमा संलग्नहरूको जिउधन, श्रमको मुल्य सुनिश्चित गरि विदेशमा संकटपुर्ण अवस्थामा रहेका मजुर एवं नागरिकहरूलाई सहजरुपमा स्वदेश फिर्ताका लागि तत्काल पहल गरियोस् ।

१२. अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार श्रमिक भर्ना र यस सँग सम्बन्धित खर्चहरूको सबै दायित्व रोजगारदातले ब्यहोर्नु पर्ने नितिलाई कार्यनयनमा तत्काल ल्याइयोस् । शुन्य लागतमा जान पाउने देशमा जान पनि तोकिएको भन्दा धेरै रकम बुझाउन लगाउने म्यानपावरलाई तत्काल खारेज गरियोस् ।

१३. बैदेशिक रोजगारीमा जाने मजदुरहरूलाई सम्झौता अनुसारको सेवा सुबिधा र रोजगारदाताको सहि सुचना लुकाई ठगि र मानव तस्करमा संलग्न म्यानपावरलाई तत्काल खारेज गरियोस् ।

१४. म्यानपावर र बैदेसिक रोजगार बिभागको मिलेमतोमा म्यानपावरबाट हुने गलत क्रियाकलाप र बैदेशिक रोजगारीमा जाने मजदुर माथि हुने शोषणको अन्त्य र यसमा संलग्न म्यानपावर तथा सरकारी कर्मचारीलाई तत्काल कडा कानुन बनाइ कार्वाही गरियोस् ।

१५. बैदेशिक रोजगारीको अन्त्य गरि युवाहरूलाई स्वदेशमा नै रोजगारीको व्यवस्था तत्काल गरियोस् ।

१६. शिक्षा  तथा स्वास्थ क्षेत्रमा हुदै आएको निजीकरण, ब्यापारीकरण दलालीकरण र माफियाकरणको अन्त्य गरि व्यवहाारिक तथा प्रयोगात्मक शिक्षा प्रणाली तत्काल लागु गरियोस् ।

१७. शिक्षा, स्वास्थ्य र रोजगारको सम्पूर्ण जिम्मा राज्यले नै लिईयोस ।

१८. न्यायालयहरूमा हुने गरिने ढिला सुस्ती घुसखोरी तथा भ्रष्टाचार माथि नियन्त्रण कायम गरि छिटो छरितो सस्तो र जनपक्षीय न्यायिक पहुच तत्काल लागू गरियोस् ।

१९. हाल संन्चालन मा रहेका बैंक तथा सहकारी, लघु बित्त मार्फत जनतालाई ठगी गर्ने व्यवस्थापक कर्मचारी, बिचौलियाहरूलाई तत्काल कार्वाही गरियोस् ।

२०. आजको मिति सम्म राज्य सत्ताका अंगहरूमा सुबिधा खाने राजनीतिक कर्मि, निजामती कर्मचारी, नेपाली सेनाका अधिकृतहरू, नेपाल प्रहरीका अधिकृतहरू, न्यायाधीशहरू, बैंक तथा वित्तीय संस्थाका संन्चालकहरूको सम्पति छानबिन गर्न उच्चस्तरीय शक्तिशाली नागरिक छानबिन आयोग तत्काल गठन गरियोस् ।

२१. दुर्ब्यसनी तथा लागू औषध जन्य कुलतमा फसेका युवाहरूलाई कुलतबाट छुटकारा दिलाउन राज्यले नै नवजीवन सुधार केन्द्रहरूको स्थापना तत्काल गरियोस् ।

२२. भुमाफियाहरूको अव्यबस्थित प्लानिङ तत्काल रोकिनु पर्ने तथा भुमिहिन जनताको भुमिमाथिको अधिकार सुनिश्चित तत्काल गरियोस् ।

२३. सम्पुर्ण आस्थाका बन्दीहरु माथि लगाएका झुटा मुद्दाहरू तत्काल खारेज गरियोस् । भ्रष्टचार, कुसासन विरूद्ध संघर्ष गर्ने जेन-जेड आन्दोलनकारीहरूलाई मुद्दा लगाउने कार्य तत्काल बन्द गरि जेन-जेडको नाममा घुसपैठ गरि विध्वंस गर्ने विध्वंसकारिहरूको पहिचान गरि तत्काल कार्वाही पकृया अगाडि बढाईयोस् ।

२४. राज्यद्वारा भ्रष्टाचारी, तस्करी माफियाहरूलाई गरिने संरक्षण अन्त्य गरि तिनको खोजी र कडा दण्ड सजाय दिने व्यवस्था र सम्पत्ति राष्ट्रियकरण गर्ने प्रकृया तत्काल थालियोस् ।

२५. सम्पूर्ण युवाहरूलाई आफ्नो ईच्छा अनुसारको खेलकुदमा सहभागिहुने सहज बातावरण तत्काल बनाईयोस् ।

२६. देवनगरि मातृ भाषा लोप हुनेगरी सिन्डिकेटपूर्ण ढंगबाट लागु गरिएको ईम्बोड नम्बर प्लेट र राष्ट्रिय परिचयपत्र अनिवार्य गराईने व्यवस्था तत्काल खारेज गरियोस् ।

२७. सन् १९५०को नेपाल भारत सन्धि र सन् १९६५को भारतसँगको सुरक्षा लगाएत सबै असमान सन्धि सम्झौता तत्काल खारेज गरियोस् ।

२८. कालापानी, लिपुलेक, लिम्पियाधुराका साथै सुस्ता, महेशपुर लगाएत सिमाक्षेत्रमा देखिका अतिक्रमण बन्द गरि अतिक्रमित भुभाग फिर्ता लिन तत्काल पहल गरियोस् । र भारत चिन बिच भएको लिम्पियधुराबाट ब्यापार नाका खोल्ने सहमतिको बिरूद्ध दुबै देशलाई अन्तर्राष्ट्रिय अदालतमा तत्काल मुद्दा हालियोस् ।

२९. लिम्पियाधुरा सहितको नक्सा । क्षेत्रफल पाठ्यपुस्तकहरूमा तत्काल समावेश गरि पठन पाठनको ब्यवस्था तत्काल गरियोस् ।

३०. सिमा क्षेत्रमा निरन्तर रूपमा भईरहेको भारतीय अतिक्रमण रोक्न तत्काल नेपाली सेनालाई सिमा सुरक्षामा खटाईयोस् । साथै १६ बर्ष माथिका प्रत्येक नेपाली युवाहरुलाई सैन्य तालिमको ब्यबस्था लागु गरियोस् ।

३१. एम.सि.सि परियोजना लगाएत राष्ट्र हित बिपरित भित्रिने बैदेशिक सहयोग र लगानी तत्काल खारेज गरियोस् ।

३२. उपल्लो कर्णाली अरूण ३ लगाएत राष्ट्रिय महत्वका आयोजनाहरू बिदेशी कम्पनीलाई कौडिको मुल्यमा बिक्री नगर्न र स्वदेशी लगानीमा निर्माण गर्न तत्काल पहल गरियोस् ।

३३. एनजीओ, आइएनजिओहरूले बैदेशिक हस्तक्षेप निम्त्याएको भएको हुदा तत्काल खारेज गरियोस् ।

३४. हाम्रो देशको भुमिबाट कुनै पनि देश बिरूद्ध हुने गतिविधिका साथै अन्य देशका अपराधीहरुलाई आश्रय स्थल हुने परिवेशको तत्काल अन्त्य गरियोस् ।

३५. नेपालको भौगोलिक अखण्डता तथा सार्वभौमिकताको रक्षा साथै सबै खाले बैदेशिक हस्तक्षेपको अन्त्य तत्काल गरियोस् ।

३६. संविधान खारेज गरि संघिय जनगणतन्त्रको स्थापना गर्न जनसंविधानको निर्माण गरियोस् ।

३७. उत्पीडित जातिहरूलाई आत्म निर्णयको अधिकारको सैद्धान्तिक स्वीकृति सहित जातीय स्वायत्तता र स्वशासनको ब्यवस्था गरियोस् ।

३८. जातीय क्षेत्रीय स्वसाशनको आधारमा पहिचान सहितको प्रदेश नामांकन गरि संघिय संरचना निर्माण गरियोस् ।

३९. उत्पीडित समुदायको अधिकार सुनिश्चित गर्नका लागि राज्यका हरेक निकायमा पुर्ण समानुपातिक प्रतिनिधित्व र समावेशिता कायम गरियोस् ।

४०. कृषिमा बैदेशिक लगानी र भुमि बैंकको खारेजी तथा सामान्ती भुस्वामित्वको अन्त्यका लागि क्रान्तिकारी भूमिसुधारका कार्यक्रम तत्काल लागू गरियोस् ।

४१. छुवाछूत तथा समाजमा ब्याप्त कुरिति, कुसंस्कृति र भेदभावको अन्त्यका लागि कडा कानुन तत्काल बनाउनुका साथै सामाजिक रूपान्तरणका कार्यक्रम तत्काल संन्चालन गरियोस् ।

४२. सम्पूर्ण बेपत्ता योध्दाहरूको अवस्था अविलम्ब सार्वजनिक गरि उनिहरूका परिवारलाई समुचित राहत प्रदान गरिनुका साथै जनयुद्ध, जनआन्दोलन तथा जेन-जेड बिद्रोहका घाइते तथा अपांगता हुनुभएकाका लागि आजीवन स्वाथ्य उपचार र समुचित राहत तत्काल प्रधान गरियोस् ।

४३. महिला, मुस्लिम तथा दलित समुदाय र अपांगता हुनुभएका ब्यक्तिहरूका लागि बिषेशधिकारको ब्यवस्था तत्काल गरिनुका साथै महिलाहरूका लागि सबै क्षेत्रमा पुरष सरह अधिकारको ब्यवस्था गरि पितृसत्तावादी उत्पीडनको अन्त्य तत्काल गरियोस् ।

...............................

सूर्य तिमल्सिना
संयोजक
क्रान्तिकारि युवा संघ नेपाल

बोधार्थ

१. श्री नेपाल सरकार प्रधानमन्त्री कार्यालय

२. श्री श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय